श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. ७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### निर्वाचन आयोग ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : निर्वाचन आयोग ऐन, २०२४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "निर्वाचन आयोग (पहिलो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) दफा १ तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछन् ।

२. निर्वाचन आयोग ऐन, २०२४ को दफा २ मा संशोधन : निर्वाचन आयोग ऐन, २०२४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :–

५/३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ख) "निर्वाचन" भन्नाले नेपालको संविधान र प्रचलित नेपाल कानूनबमोजिम गाउँ सभाको सदस्य, गाउँ पञ्चायतको प्रधानपञ्च, उप-प्रधानपञ्च वा सदस्य, नगर सभाको सदस्य, नगर पञ्चायतको प्रधानपञ्च, उप-प्रधानपञ्च वा सदस्य, जिल्ला सभाको सदस्य, जिल्ला पञ्चायतको सभापति, उप-सभापति वा सदस्य वा राष्ट्रिय पञ्चायतको सदस्यको लागि हुने निर्वाचन सम्झनु पर्छ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को खण्ड (ख) मा रहेको "रिटर्निङ्ग अधिकृत" भन्ने शब्दहरू झिकिएका छन्।

४. मूल ऐनमा दफा ३क. थप : मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएको छ :–

"३क. निर्वाचन आयोगले निरीक्षण अधिकृत नियुक्त गर्ने : (१) निर्वाचन आयोगले आवश्यक देखेमा निर्वाचनको लागि निरीक्षण अधिकृत नियुक्त गर्न सक्नेछ।

(२) निरीक्षण अधिकृतको काम तथा कर्तव्य देहायबमोजिम हुनेछ :–

(क) निर्वाचन आयोग र निर्वाचन अधिकृत, पिठासीन अधिकृत वा मतदान अधिकृतको बीचमा सम्पर्क कायम राख्ने,

(ख) निर्वाचन अधिकृत, पिठासीन अधिकृत वा मतदान अधिकृतले निर्वाचनसम्बन्धी काम प्रचलित नेपाल कानून तथा निर्वाचन आयोगको निर्देशन अनुसार सम्पन्न गरेको छ छैन, निरीक्षण गर्ने,

(ग) निर्वाचनको सञ्चालन स्वच्छ, स्वतन्त्र र निष्पक्ष रूपले गराउन निर्वाचन अधिकृत, पिठासीन अधिकृत तथा मतदान अधिकृतलाई आवश्यक सहयोग पुऱ्याउने।"

५. मूल ऐनको दफा ५ मा संशोधन: मूल ऐनको दफा ५ मा रहेको "रिटर्निङ्ग अधिकृत" भन्ने शब्दहरू झिकिएका छन्।

६. रूपान्तर : मूल ऐनमा "प्रिजाइडिङ्ग अधिकृत" वा "पोलिङ्ग अधिकृत" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा क्रमशः "पिठासीन अधिकृत वा मतदान अधिकृत" भन्ने शब्दहरू राखिएका छन्।

७. निर्वाचन आयोग (पहिलो संशोधन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि त्यस्को परिणामः निर्वाचन आयोग (पहिलो संशोधन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायको सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः– २०३३।४।१२।३

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

480

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।